# आलिताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश
नेपाल

पत्र सं. २०७९/८०
च.नं.

### उद्यमीलाई व्यवसाय सञ्चालनार्थ प्रविधि अनुदानका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७९/१०/१७)

चालु आ.व. २०७९/८० का लागि स्वीकृत दलित, जनजाति, अपाङ्ग, अल्पसंख्यक वर्ग लक्षित कार्यक्रम अन्तर्गत असी (८०) प्रतिशत अनुदानमा निम्न कार्यक्रमहरू कार्यान्वयन गरिने भएकोले यस कार्यालयमा दर्ता भै यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका दलित वर्गका ईच्छुक व्यवसायी/उद्यमीहरूलाई देहाय बमोजिमका कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र रितपूर्वक प्रस्ताव पेश गर्नुहुन यो सूचना आह्वान गरिएको छ।

| क्र.सं. | सूचना नं. | कार्यक्रम | व्यवसाय/उद्योग | आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | दलित, जनजाति, अपाङ्ग, अल्पसंख्यक वर्ग लक्षित कार्यक्रम | गारमेन्ट उद्योग | १. उद्योग दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि<br>२. पान/भ्याट दर्ता प्रमाणपत्र प्रतिलिपि<br>३. कर चुक्ता पत्र<br>३. उद्योगको व्यवसायिक योजना (स्कीम)<br>४. अनुभव/तालिमका प्रमाणपत्रको प्रतिलिपि<br>५. सम्वन्धित वडाको सिफारिश |
| २ | २/२०७९-८० | | शैलुन व्यवसाय | |
| ३ | ३/२०७९-८० | | परम्परागत ठेकी, पारा आदि उत्पादन गर्ने काठ उद्योग | |

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# आलिताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश
नेपाल

पत्र सं. २०७९/८०
च.नं.

<u>प्राथमिकता/शर्तहरू:</u>

१. प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९ को अनुसुची १ बमोजिम प्रविधि माग सम्बन्धि प्रस्ताव पेश गर्नु पर्नेछ।
२. एक जना उद्यमीले एक किसिमको व्यवसायका लागि मात्र आवश्यक पर्ने उपकरणहरू माग गर्नुपर्नेछ।
३. यस कार्यालयबाट अनुदान प्राप्त गरेको ३ वर्ष व्यतित नभई पुनः प्रविधि हस्तान्तरण गरिने छैन।
४. दलित बर्गभित्रका महिला उद्यमीद्वारा सञ्चालित उद्योगलाई विशेष प्राथमिकता दिईनेछ।
५. प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम प्रस्ताव मूल्याङ्कन र अन्य प्रक्रिया सञ्चालन गरिनेछ।
६. निवेदन वापत रू १००।- दस्तूर तिर्नुपर्नेछ।
७. थप जानकारीका लागि आलिताल गाउँ कार्यपालिकाको कार्यालय, डडेल्धुरामा सम्पर्क गर्न सकिनेछ।

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत